# घरधुरी सर्वेक्षणका लागि गणक आवश्यकता

शहरी विकास तथा भवन निर्माण विभागको व्यवस्थापन र ग्रीड कन्सल्ट प्रा.लि. काठमाडौंको कार्यान्वयनमा भरतपुर महानगरपालिका स्मार्ट सिटी गुरुयोजना तयारीका लागि महानगरपालिकाको घरधुरी सर्वेक्षण कार्य सञ्चालन भैरहेकोले निर्धारित समयमै घरधुरी सर्वेक्षण सम्पन्न गर्नका लागि महानगरका १ देखि ५ सम्म, ७, ८, १०, १२ र १६ देखि २९ सम्म गरी २३ वटा वडाहरुमा थप ५० जना घरधुरी गणकको आवश्यकता परेको हुँदा सम्बन्धित वडाका ईच्छुक तथा योग्य उम्मेद्वारहरुबाट यही ३ वैशाख २०७६ भित्र प्राप्त हुने गरी आवेदन आव्हान गरिन्छ । आवेदन पेश गर्ने विस्तृत प्रक्रिया जानकारी लिनका लागि भरतपुर महानगरपालिकाको वेभसाइट www.bharatpurmun.gov.np मा हेर्न वा सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

थप जानकारीका लागि सम्पर्कः

रामशरण सापकोटा, तथ्यांक सुपरिवेक्षक, ९८५१०६९१६४

## आवेदन पेश गर्ने प्रक्रिया

१. **थप गणक आवश्यक भएका वडाहरुः** १ देखि ५ सम्म, ७, ८, १०, १२ र १६ देखि २९ सम्म ।

२. **आवश्यक गणक संख्याः** प्रत्येक वडाबाट २/२ जना, (२७, २८, २९ वडाका लागि ३/३ जना) ।

३. **शैक्षिक योग्यता**: कम्तीमा १२ कक्षा पास गरेको ।

४. **सीपः** मोवाईल एप्समा डाटा भर्नसक्ने अनुभव भएकोलाई प्राथमिकता ।

५. **निवेदनमा खुलाउनेः** घरधुरी सर्वेक्षण संयोजक, ग्रीड कन्सल्टलाई सम्बोधन गरी आफू बस्ने  वडा र काम गर्न चाहेको वडा प्रष्ट खुलाइ निवदेन पेश गर्ने ।

६. **मोबाइलको प्रयोग र गुणस्तरः** मोबाइल एप्समार्फत घरधुरी सर्वेक्षण हुने भएकोले आफ्नै मोबाइल प्रयोग गर्नुपर्नेछ । मोबाइलको न्युनतम गुणस्तरः  Samsung, 2 GB Ram, 16 GB Internal memory, screen 5.3 inch, हुनुपर्नेछ । आइफोन प्रयोगमा आउने छैन ।

७. **अन्य सामग्रीः** मोबाईल, चार्जर, व्याट्री तथा चार्जर कार्डको व्यवस्था आफैं गर्नुपर्नेछ ।

८. **पारिश्रमिक**: घरसहित परिवारको पुर्ण विवरण भरेपावत प्रति घरधुरी रु. ३५ पाउनेछ । भाडावाल परिवार र घरको मात्र विवरण भरेवापत सो को अनुपातमा सम्झौताअनुसार भुक्तानी हुनेछ । दुर्गमता लगायत अन्य सेवा सुविधाबारे विस्तृत विवरण सम्झौतापत्रमा उल्लेख हुनेछ ।

९. **आवेदन पेश गर्ने अवधिः** मिति २७ चैत २०७५ देखि ३ वैशाख २०७६ सम्म जम्मा १ हप्ता ।

१०. **आवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु (स्क्यान गरी पेश गर्ने)**

- नेपाली नागरिकताको प्रतिलिपि
- पछिल्लो शैक्षिक प्रमाणपत्रको प्रतिलिपि
- माथि उल्लेखित आधारमा आफुले प्रयोग गर्ने मोबाईलको गुणस्तर
- तथ्यांक संकलनको अनुभव भए सो को विवरण

११. **छनौट प्रक्रियाः** नतीजा सबैलाई जानकारी दिइनेछ । सर्टलिष्टबाट छनौट भएकालाई अन्तरवार्ताका लागि बोलाइनेछ ।

१२. **आवेदन पेश गर्ने सम्पर्कः**

**divyadrishti.application@gmail.com**